जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ | अंक १२३ | २०८० साल मंसिर २७ गते बुधबार (13 Dec. 2023 Wednesday) | मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**डेंगुबाट बचौं**

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

*यस अंक भित्र :* २ पृष्ठमा : 'कोशी टेपा नहर' को निर्माणले. ३ पृष्ठमा : शिव शनि धामको धार्मिक ... ३ पृष्ठमा जिम्बाब्वेमा खडेरीले सय हात्ती...

# प्रतिष्ठान निर्माणका लागि दबाब स्वरुप संकलित १० हजार हस्ताक्षरसहित प्रर्दशन



**दैनिक समाचारदाता**
**राजविराज, २६ मंसिर ।**

राजविराज वडा नं. १० बिरोलमा शिलान्यास गरेर अलपत्र छाडिएको रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको निर्माण कार्य अविलम्ब सूरु गर्न माँग गर्दै आन्दोलनरत यूवाहरुले मंगलवार संकलित १० हजार हस्ताक्षरसहित राजविराजमा प्रर्दशन गरेका छन् ।

लामो समयदेखि प्रतिष्ठान निर्माणको काम रोकिदा पनि वास्ता नगरेको भन्दै ७ दिन सम्म चलाइएको हस्ताक्षर अभियानको अन्तिम दिन मंगलवारसम्म संकलित १० हजार हस्ताक्षर गरिएको ब्यानरसहित प्रर्दशन गरिएको हो ।

सप्तरी यूथ नेपालद्वारा गठित आन्दोलन परिचालन समितिको अगुवाईमा गरिएको प्रर्दशनमा यूवाहरुका साथै विद्यार्थी, जनप्रतिनिधी, राजनीति दलका स्थानीय नेता/कार्यकर्ताको उल्लेख्य सहभागिता रहेको थियो ।

प्रर्दशनपछि आयोजित कोण सभालाई राजविराज नगरपालिकाका कार्यबाहक नगर प्रमुख इसरत परवीन, नगरपालिकाका प्रवक्ता जयनारायण मण्डल, स्ववीयु सभापती रंजीत यादव, सप्तरी यूथ नेपालका कार्यवाहक अध्यक्ष मोहन यादव, आन्दोलन परिचालन समितिका अध्यक्ष सत्येन्द्र यादव लगायतले सम्बोधन गर्दै प्रतिष्ठान निर्माणको कार्य अविलम्ब सुरु नगरिए आन्दोलन सशक्त ढंगले अघि बढाउने चेतावनी समेत दिए ।

यता प्रतिष्ठान निर्माणको काम अविलम्ब सुचारु गराउन माँग राखी स्थानीयवासीद्वारा गठित संघर्ष समितिले गत असोज २६ देखि थालेको रिले अनशनलाई ६० औं दिन मंगलवार पनि निरन्तरता दिएका छन् । माँग पुरा नभएसम्म रिले अनशन चलिरहने संघर्ष समितिका संयोजक राम कुमार दासले जनाएका छन् ।

२०७८ जेठ २१ गतेको मन्त्री परिषद् बैठकले प्रतिष्ठान निर्माण गर्न राजविराज नगरपालिका १० विरौलस्थित ६२ बिघा जग्गा प्रतिष्ठानका नाममा ३० वर्षका लागी लिजमा दिने निर्णय गरेको थियो । जग्गाको टुङ्गो लागेपछि यही जग्गामा २०७८ असार २२ गते तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिष्ठानको भवन निर्माण कार्यको भर्चुयल माध्यमबाट शिलान्यास गरेका थिए ।

# आजपाद्वारा मधेश बन्दको घोषणा

**दैनिक समाचारदाता**
**बिरगंज, २६ मंसिर ।**

आम जनता पार्टी (आजपा)ले आउँदो माघ १० गते मधेस बन्दको घोषणा गरेको छ । आजपा मधेस प्रदेश कमिटी र बैंक तथा वितिय पीडित संघर्ष समितिले मधेस बन्दको घोषणा गरेको हो ।

बैंकहरुले मनोमानि ढंगले लिइएको ब्याज फिर्ता गर्नुपर्ने, लघुवित तथा सहकारीबाट गरिब किसानले लिइएको कर्जा माफी गर्नुपर्ने, आम जनतालाई सहज रुपमा कर्जाको व्यवस्था गर्नुपर्ने लगायतका माग गर्दै सो बन्दको घोषणा गरेको जनाएको छ ।

ती मागहरु उठाउँदै गत हप्ता आजपाले मधेस प्रदेशको राजधानी जनकपुरमा विरोध प्रदर्शन गरेको थियो । सरकारसंग यी माग गर्दै आजपाले यथासिघ्र सम्बोधन गर्न आग्रह गरेको थियो । तर सरकारले आफूहरुको माग सम्बोधन गर्ने बिषयलाई गम्भिर रुपमा नलिएको भन्दै आजपाले आम हडताल गर्ने अवस्थामा पुगेको जनाएको छ ।

आजपा मधेस प्रदेशका ईन्चार्ज सुधिर यादव र अध्यक्ष उमेश कुशवाहाले संयुक्त रुपमा मंगलबार एक बिज्ञप्ती जारी गर्दै सरकारलाई दबाब दिने उदेश्यले मधेस बन्दको घोषणा गरिएको जनाएका छन् ।

आजपाले पौष १२ गते प्रदेश स्तरीय भेला विरगंजमा गर्ने, १३ पौष मसान्तसम्म स्थानिय तहमा पीडितहरुसंग अन्तरक्रिया तथा संघर्ष समिति गठन गर्ने, १ माघ देखी ८ माघ सम्म प्रत्येक जिल्लामा अन्तरक्रिया तथा संघर्ष समिति गठन गर्ने ९ माघमा प्रत्येक जिल्लामा मोटरसाईकल र्याली तथा मसाल जुलुस गर्ने र १० माघमा मधेस बन्द गर्ने कार्यक्रम रहेको आजपा प्रवक्ता चन्दभुषण साहले जनाएका छन् ।

**शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं**

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**

# मिन्कुदेवीले जन्माइन् तिम्ल्याहा शिशु

बारा, २६ मङ्सिर (रासस) ।

बाराको कलैया उपमहानगरपालिका-१६ मझौलियाकी २० वर्षीया मिन्कुदेवी रामले तीन सन्तानलाई एकैसाथ जन्म दिनुभएको छ । वीरगञ्जको विर्तास्थित श्रीराम अस्पतालमा उहाँले शल्यक्रियामार्फत गत आइतबार दुई छोरा र एक छोरीलाई जन्म दिनुभएको हो ।

अस्पतालमा कार्यरत स्त्री तथा प्रसूति रोग विशेषज्ञ दिप्ती यादवले ती नवजात तिम्ल्याहा नवजात शिशु तथा आमाको स्वास्थ्य अवस्था सामान्य रहेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "शल्यक्रियामार्फत तिम्ल्याहा शिशु जन्मिएका हुन् । शिशु सहित आमाको स्वास्थ्यस्थित सामान्य रहेको छ ।"

मिन्कुदेवीका पति सङ्खुरामले स्थानीय स्वास्थ्यचौकीले सिफारिस गरेर सुत्केरी हुनका लागि मिन्कुलाई वीरगञ्ज लगिएको बताउनुभयो ।

**शौचालयको प्रयोग गरौं, संक्रमणबाट जोगिऔं**

- दिसापिसाब शौचालयमा मात्र गरौं, खुल्ला स्थानमा दिसापिसाब नगरौं।
- दिसापिसाब गरिसकेपछि साबुनपानीले हात धोऔं।
- हत्केला पछाडि, औंलाको बीच, नङ्लगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं।
- सफा कपडा वा तौलियाले हात पुछौं।

जीवाणुलगायतको संक्रमणबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### सम्पूर्ण जिल्लावासी नै आन्दोलनमा उत्रनुपर्छ

राजविराजमा निर्माणका लागि शिलान्यास समेत गरिएको रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान अहिले अन्यौल अवस्थामा रहेको छ। २६ महिनाअघि शिलान्यास गरिएको उक्त प्रतिष्ठानको खाली जग्गा घेरबार बाहेक कुनै काम अगाडी बढ्न सकेको छैन्। विगत दुई वर्षअघि प्रतिष्ठानको जग्गा घेरबार गर्ने नाउँमा बजेट आएको र केही दिन कर्मचारीहरुलाई तलब पनि दिइएको थियो। तर, अहिले प्रतिष्ठानको नाममा कार्यालय समेत खाली रहेको छ। त्यहा कुनै कर्मचारी छैन्। मात्र होर्डिङ बोर्ड झुण्ड्याइएको छ।

यसरी स्वास्थ्य विज्ञान प्रतिष्ठान निर्माणका लागि देखाइएको आसप्रति जिल्लावासी आक्रोसित बनेका छन्। लामो समय बितिसक्दा पनि प्रतिष्ठानको निर्माण कार्य अगाडी नबढाएको भन्दै दुई महिनादेखी स्थानीयहरु रिले अनसनमा बसेका छन्। सोही अनसनलाई समर्थन गर्दै स्थानीय युवाहरुले पनि छुट्टै दबाबमूलक आन्दोलन गर्दै आइरहेका छन्। उनीहरु चरणबद्ध आन्दोलनका कार्यक्रमका साथ प्रतिष्ठान निर्माणका लागि १० हजार व्यक्तिको हस्ताक्षर समेत संकलन गरिसकेका छन्। तर पनि सरकारले प्रतिष्ठान निर्माण कार्यमा गम्भिर भएको देखिन्न्।

यसरी स्थानीयवासी, युवाहरु जिल्लाको गौरवशाली स्वास्थ्य योजनाको निर्माणका लागि लागि पर्दा सरकार गम्भर बन्न नसक्नु विडम्बना हो। जिल्लाको विकासमा ठूलो टेवा पुग्ने विश्वास लिइएको स्वास्थ्य विज्ञान प्रतिष्ठानको निर्माण कार्य अविलम्ब सूचारुको लागि अब सम्पूर्ण जिल्लावासी व्यक्तिगत स्वार्थ त्यागेर आन्दोलनमा उत्रनु बाहेकको विकल्प छैन्।

# 'कोश टेपा नहर' को निर्माणले दिएको सन्देश

**नेत्र सुवेदी 'प्रयास'**

काठमाडौँ, २६ मङ्सिर (रासस)।

झट्ट सुन्दा नेपालको पूर्व कोशी प्रदेशमा पर्ने कोशी टप्पुजस्तो सुनिने तर नेपालभन्दा बाहिर सार्क सदस्य राष्ट्र अफगानिस्तानको उत्तरी भेगमा निर्माणाधीन मानव निर्मित नदी वा सिँचाइ नहरको नाम हो 'कोश टेपा नहर'। लामो समयसम्म शक्ति राष्ट्रको नियन्त्रण र गिद्धे नजरमा परेको र गृहयुद्धबाट जर्जर बनेको मुलुक जहाँ अहिले यसअघि स्वतन्त्रताको माग राखी हतियार उठाएको तालिबान समूह नै सरकार छ र त्यही तालिबान सरकारले अगुवाइ गरी मुलुकको विकास र निर्माणका लागि नमूना काम गरिरहेको हुँदा कोश टेपा नहर निर्माणले चर्चा पनि बटुलेको छ।

हुन त अन्य मुलुकहरूमा पनि राष्ट्रिय महत्व र प्रतिष्ठाका ठूलाठूला परियोजनाहरू विगतदेखि बन्दै आएका थिए। ती परियोजनाले ती देशहरूको अर्थतन्त्रमा दूरगामी असर छाड्न सकेको पाइन्छ। जस्तो कि ब्लू नाइलको पानी प्रयोग भएको इथियोपियाको द ग्रान्ड रिनास बाँधलाई अफ्रिकाकै सबभन्दा ठूलो जलविद्युत् आयोजना मानिएको छ। यो पानी जम्मा गरेर जलविद्युत् उत्पादन गर्न तयार पारिएको बाँध हो। यसको लम्बाइ एक हजार आठ सय मिटर र उचाइ एक सय ४५ मिटर रहेको भने जलविद्युत् क्षमता छ हजार मेगावाट हुने अनुमान गरिएको छ। सन् २०२२ बाट उत्पादन र उपभोग सुरु भएको उक्त परियोजनाबाट उत्पादित केही विद्युत् विदेश निर्यात पनि भइसकेको छभने पूर्ण क्षमतामा उत्पादन हुनका लागि केही काम अझै पनि बाँकी छ। इथियोपियाले यो बाँध बाँधेर पानीको प्रयोग गरिरहँदा इजिप्ट र सुडानमा भने पानीको समस्या थप गहिरिँदै गएको भए पनि यो परियोजनाले अन्तरराष्ट्रियजगत्मै चर्चा बटुलेको छ।

**चीनको थ्री गर्जेज नहर**

अब हाम्रो छिमेकी देश चीनतर्फ हेरौँ। उत्पादनका दृष्टिले सबैभन्दा बढी विद्युत् अर्थात् २२ हजार पाँच सय मेगावाट उत्पादन गर्ने थ्री गर्जेज नहर धेरैले नाम सुनेकै संरचना हो। चीनको हुवे प्रान्तमा पर्ने यो परियोजना सम्पन्न गर्न सन् १९९३ देखि २००६ सम्मको अवधि तथा २.३ खर्ब अमेरिकी डलर खर्च भएको थियो। यो बाँधको लम्बाइ २.३ किलोमिटर र उचाइ एक सय ८५ मिटर रहेको छ। याङ्सी नदीबाट बाँधिएको यो बाँध निर्माणका बखत थुप्रै ऐतिहासिक कला समेटिएका संरचनाहरू हटाइएका थिए भने यो बाँधमा कुनै समस्या आयो भने ठूलो सङ्ख्याका सहर र गाउँहरू प्रभावित हुने भनेर वातावरणविद्हरूले आशंका व्यक्त गर्ने गरेको भए पनि चीनको विकासका लागि भने यो परियोजना एउटा अमूल्य वरदान साबित भएको छ। आकारका हिसाबले सबैभन्दा ठूलो भनेर लिइने बाँध भनेर जाम्बिया र जिम्बाबेको बीचबाट बग्ने जाम्बेसी नदीमा सन् १९५५ देखि सन् १९५८ सम्मको अवधिमा निर्माण भएको करिबा बाँधलाई चिनिन्छ। फ्रेन्च आर्किटेक्ट आन्द्रे कोयनले डिजाइन गरेको यो बाँधलाई पनि अफ्रिका महादेशकै शानका रूपमा लिन सकिन्छ।

**मानवनिर्मित नदीका रूपमा कोश टेपा नहर**

कोश टेपा नहर भने अफगान सरकारले बाह्य सहयोग नलिएरै पाँच वर्षमा सम्पन्न गर्ने गरी काम अगाडि बढाएको सिँचाइ परियोजना हो। सन् २०२२ मार्च ३० मा औपचारिकरूपमा उद्घाटन कार्यक्रममा उपस्थित उपप्रधानमन्त्री मुल्ला अब्दुल घानी बरादरले परियोजनाको सुरुआत हुनु भनेको नै देशको आत्मनिर्भरताका लागि र खासगरी कृषि क्षेत्रका लागि एउटा महत्वपूर्ण पाइला भएको र परियोजनाको सफल कार्यान्वयनमा सबैको सहयोग आवश्यक रहेको बताएका थिए। साथै, उनले हामी आफ्नो कामका लागि अरूमा निर्भर हुन नहुने अभिव्यक्ति दिएका थिए। सोही अवसरमा कृषि सिँचाइ तथा पशु विकाससम्बन्धी कार्यवाहक मन्त्रीले अफगानीहरूको आर्थिक सवालमा अरूकै वर्चस्व रहेको र यसबाट बाहिर आउनुपर्ने, पानीको स्रोत पनि प्रयोग गर्न नसक्दा अरूले प्रयोग गरिरहेको बताएका थिए।

कोश टेपा नहरकै कुरा गर्दा यो नहर आमुदरिया नदीबाट बाल्क प्रान्तमा बाँध बाधिने र जौजन प्रान्त हुँदै फरेब प्रान्तसम्म पुग्ने २८५ किलोमिटर लामो नहर तयार गर्नका लागि हाल पहिलो चरणको काम भैरहेको छ। यो परियोजना सम्पन्न हुँदा ५० हजार हेक्टरभन्दा बढी जमीनमा सिँचाइ सुविधा पुग्ने र गहुँ र खनिज तेलको आयात घटाउने आशा गरिएको छ। नहरको निर्माण तीन चरणमा सम्पन्न गर्ने गरी काम भैरहेको छ। पहिलो चरणको १०८ किमी लामो नहरको पूर्वाधार बनाउने काम अन्तिम चरणमा पुगेको छ भने दोस्रो र तेस्रो चरणमा गरी बाँकी १७७ किमी नहर पाँच वर्षभित्र सम्पन्न हुने प्रक्षेपण छ। नहर निर्माण सम्पन्न हुँदा जम्मा पाँच लाख ५० हजार हेक्टर जमिनमा सिँचाइ सुविधा पुग्नेछ। अन्तरराष्ट्रिय कानुनअनुसार आमु नदीबाट २६ प्रतिशत पानीमा अफगानिस्तानको अधिकार छ र हालसम्म १५ प्रतिशत मात्र प्रयोग भैरहेको छ। बाँकी पानीमा ताजकिस्तान र उज्वेकिस्तानको समेत साझेदारी रहेको छ। वास्तवमा पाँचवटा देशको भूभाग हुँदै बग्ने नदी हो आमुदरिया नदी। सीमावर्ती क्षेत्रमा आइपुग्दा ज्यादा भाग ताजकिस्तान (७२.८ प्रतिशत) मा पर्दछ भने १४.६ प्रतिशत अफगानिस्तानमा र ८.५ प्रतिशत उज्वेकिस्तानमा पर्दछ। आमुदरिया नदीका मुख्य सहायक नदीहरू काफिरनिगन शेराबाद र सुर्हनदरिया रहेका छन्।

**अफगानिस्तानका प्रान्त र सीमावर्ती देशहरू जनाउने नक्सा**

अफगानिस्तान विभिन्न आदिवासी समूहहरूको वर्चस्व रहेको र द्वन्द्वबाट प्रभावित मुलुकमध्ये पर्दछ। विभिन्न समयक्रममा अफगानिस्तानमा बेलायत, रसिया र संयुक्त राज्य अमेरिकाले नियन्त्रणमा लिएको इतिहास छ। पाकिस्तान र अफगानिस्तानको बीचमा डेकन लाइनले छुट्याएको छ भने अन्य सीमावर्ती मुलुकसँग पनि बेलाबेला सीमा विवाद हुने गर्दछ। केही दोहोरो भूपरिवेष्ठित मुलुकहरूले समुद्रसम्म पुग्नका लागि अफगानिस्तानको भूभाग प्रयोग गर्नुपर्ने हुँदा सम्बन्ध चिढाउन नचाहेको पनि हुन सक्छ। द्वन्द्वको असर, सार्क सदस्यता, भूपेरिवेष्ठित हुनु, गरिबी र जातीय संरचनाको अवस्था हेर्दा नेपाल र अफगानीस्तानबीच समानताहरू भेटिन्छन्। सन् २०२१ अगस्ट १५ मा सत्ता कब्जा गरेर शक्तिमा आएको तालिबान नेतृत्वको सरकारले कसरी जनविश्वास जित्ने र के कसरी विकास र जीविकामा सहयोगी भूमिका निभाउन सक्छ भन्ने खोजीको फलस्वरुप कोश टेपा नहरको निर्माणले मूर्त रुप पाएको हुन सक्छ।

कोश टेपा नहर निर्माणको उद्देश्य राख्दा नै अफगानिस्तानभित्रै गहुँको उत्पादन बढाई अहिले जति आयात गर्न परेको छ, त्यसको दोब्बर मात्रामा निर्यात गर्ने लक्ष्य राखिएको छ। यो परियोजना निर्माणमा स्वदेशी स्रोत मात्रै प्रयोग हुने र कसैको आर्थिक प्राविधिक सहयोग नलिने घोषणा पनि गरिएको छ। गरेमा सम्भव छ भन्ने सन्देश दिँदै भविष्यमा गरिने अन्य विकास क्रियाकलापका लागि उत्प्रेरकको काम गर्ने ध्येयका साथ सरकारले यो परियोजनामा ध्यान केन्द्रित गरेको देखिन्छ। यो आयोजना निर्माणका लागि नयाँ पुराना गरी चार हजारभन्दा बढी उपकरण प्रयोगमा छन् भने पाँच हजार पाँच सयभन्दा बढी व्यक्तिहरू काममा संलग्न छन्। परियोजना पूरा भएपछि पनि दुई लाख ५० हजार जति व्यक्तिहरूले रोजगारी पाउने प्रक्षेपण गरिएको छ।

**परियोजनाको बहुपक्षीय उपयोगिता विश्लेषण**

ठूलो परियोजनाको रूपमा कोशटेपा नहरलाई सिँचाइ सुविधा उपलब्ध गराउने भनेर एकपक्षीय ढङ्गले मात्र हेर्दा अपूरो हुन्छ। यो विकास परियोजनाको भूराजनैतिक तथा आन्तरिक राजनीतिको समेत एउटा सफलताको मापनका रूपमा लिन सकिन्छ। आन्तरिकरूपमा उत्पादन बढाई सबल बन्न सकेमा आन्तरिकरूपमा दिगो शान्ति सम्भव हुन्छ भने भूराजनैतिक सन्तुलनसमेत सहज हुन्छ। देशभित्रका विकास गतिविधिमा बाह्य शक्तिको पकड हुन नदिई साझा एजेण्डाका रूपमा अगाडि बढाइनु पक्कै पनि नेपालका लागि समेत सिक्नयोग्य मोडल नै हो। आर्थिक आयाममा त यो परियोजना आत्मनिर्भरतातर्फको गतिलो पाइला नै हो। भएकै स्रोत साधन एकीकृत गरी प्रष्ट लक्ष्यका साथ खर्च गरिएको छ। करिब १६ अर्ब अफगानी रुपैयाँ त खर्च भैसकेको छ। अहिले निर्माणकै चरणमा र पछि पनि यो परियोजनाले हजारौँ व्यक्तिलाई रोजगारी दिनेनै छ।

यो परियोजना आफैँमा विकास गतिविधि हेर्न चाहनेका लागि पर्यटकीय गन्तव्य बन्न सक्छ। परियोजनाको सफलताले अन्य धेरै परियोजना बन्ने आधार तयार गर्ने र समृद्धिको मार्ग खोल्ने देखिन्छ। सामाजिक दृष्टिले समेत यो परियोजनाले योगदान गर्न सक्ने नै देखिन्छ। जस्तो कि नहर निर्माण सम्पन्न भइसक्दा खाद्य सुरक्षा, गरिबी निवारण र दिगो विकासमा यसको प्रत्यक्ष योगादान पुग्नेछ भने मानव निर्मित नदीका रूपमा सुख्खा क्षेत्रका बासिन्दाले सफा र सुरक्षित पानी दिगोरूपमा प्राप्त गर्नेछन् भने रोजगारीसँगै आयआर्जन तथा गुणस्तरीय जीवन सम्भव हुनेछ। सामाजिक सद्भाव शान्ति र एकताका साथसाथै समुत्थानमुखी समाज निर्माण हुने र सरकारप्रतिको विश्वास बढेर जाने देखिन्छ। यतिमात्र हैन कि परियोजनाको कार्यान्वयनबाट यहाँको स्थानीय पारिस्थितिक प्रणालीमा समेत परिवर्तन आउनेछ। स्वभाविकरूपमा नहरको निर्माणपछि यसको वरिपरि हरियाली र जङ्गल समेत हुर्कन सम्भव हुन्छ, बसाइ सरेर आउने चराहरूका लागि आकर्षण स्थल बन्न सक्छ। पानीसहितको पारिस्थितिक प्रणाली भनेको तुलनात्मकरूपमा उत्पादनमूलक मानिए पनि साबिकमा रहेको घाँसे मैदान रहेको वा मरुभूमि रहेको साविकको प्रणालीमा नकरात्मक असर पर्दछ।

कोश टेपा नहरको निर्माण अगाडि बढिरहेको छ र साथसाथै यसले विकास निर्माणमा संलग्न उच्च पदाधिकारीहरूलाई प्रस्ट सन्देश के दिइरहेको छ भने राजनीतिक प्रतिबद्धता, प्रविधिको उचित प्रयोग, स्रोतको एकीकृत प्रयोग एवम् विकास क्रियाकलाप बीचमा तादात्म्यता मिलाउन सकेमा ठूला कामहरू पनि समयमा सम्पन्न हुने मार्गमा अगाडि बढ्छन्। काममा सरिक हुनेहरूमा कडा परिश्रम, समर्पण तथा सहकार्यले गर्दा पनि देखिने गरी र अनुभूत हुने गरी परिणाम निस्कन सक्छ। अहिले पनि चीन, उज्वेकिस्तान, ताजिकिस्तान र रसियाबाट गहुँ आयात गरेर जीविका गर्ने अफगानिस्तानले उत्तरी तीन राज्यमा प्रशस्त गहुँ उब्जनी गरेर गहुँ निर्यात गर्न थालनी गऱ्यो भने खबर आयो भने अफगानी जनताले त्यहाँको सरकारको गुणगान गाउनेछन्। साथसाथै, नेपालजस्ता मुलुकमा समेत विकासलाई कसरी अगाडि बढाउने भन्ने विषयमा कोश टेपा नहरको निर्माण एउटा प्रेरणादायी सिकाइको स्रोत बन्न सक्नेछ। *(लेखक सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव हुनुहुन्छ)*


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# शिव शनि धामको धार्मिक महत्व

अजयकुमार झा
काठमाडौं, २६ मङ्सिर (रासस)।

सनातन धर्मका मठ, मन्दिर, देवस्थल आदि हरेक गाउँ, टोल, समुदायमा भेटिन्छन्, तर सनातनी तीर्थहरू प्रायः दुर्गम पर्वतमालाहरूमा नै रहेको पाइन्छन्। तीर्थहरू दुर्गम स्थानमैरहेको स्थापित तथा विकसित हुनुको कारणहरू अनेक हुन सक्छन् तर प्रमुख कारणको रूपमा ती तीर्थस्थलहरू कुनै सन्त, सन्यासी, योगी, बैरागी, ऋषि, मुनि, महात्माहरूले निर्माण गरेको हुनुपर्छ, जो परिवार, समाज र मानिसहरूको भीडभाडबाट अलग्ग गएर विकट अन्कन्टार ठाउँमा बसेर साधना र तपस्यामा जीवन समर्पित गर्दथे भन्न सकिन्छ।

कालान्तरमा धर्मानुरागीहरूमा तीर्थयात्राको रहर र लहर बढ्दै, तीर्थस्थल वरपर तीर्थालुको सेवा र सुविधाको उपलब्धताले बजार र बस्ती बन्दै बढ्दै तथा यातायातको विकास र विस्तार हुँदै गर्दा त्यस्ता दुर्गम स्थानहरू पनि सुगम बन्दै गएका हुन्। यस्तै तीर्थस्थलको रूपमा सप्तरीको चुरे वन फेंदीमा पनि एक दशकयता एउटा नयाँ ठाउँ विकसित हुँदै आएको छ, जसलाई शिव शनि धाम भनेर चिनिन्छ। चुरिया पर्वतमालाको यस भूभागमा रुपनीमाई, अग्निसाइर, कृष्णाराम मरौटीजस्ता देवस्थल र लोकदेवस्थल-हरू धेरै पहिलेदेखि नै रहेका छन्। पछिल्लो समय शिव शनि धाममा भक्तजनको भीड दिन प्रतिदिन बढ्दो छ।

सप्तरीको मध्य उत्तरी क्षेत्र साविकको तेरहौता गाविस-५ र हालको रुपनी गाउँपालिका-६ अन्तर्गत पर्ने चुरे फेदी दुधैला खोलासँगैको डाँडामा शिव शनि धाम रहेको छ। पूर्व-पश्चिम राजमार्गमा रुपनीदेखि पूर्वतर्फ पाँच किलोमिटर गएपछि वीरेन्द्रबजार आउँछ। वीरेन्द्रबजारको पश्चिमी भाग र मध्यभागबाट गरी दुईवटा बाटो शिव शनि धामतर्फ गएको छ, जुन दुधैला खोला किनार पुगेर आपसमा गासिन्छ। दुधैला खोलालाई पटकपटक पार गर्दै वा खोलैखोला भएर तीन चार किलोमिटर हिँडेपछि शिव शनि धाम पुग्ने गरिन्छ।

दुधैला खोला कहिल्यै सुक्दैन; धेरथोर पानी जहिले पनि रहन्छ। वीरेन्द्रबजारबाट शिव शनि धामतर्फ जाने दुइटै बाटाको मुखमा ठूलो पक्की द्वार निर्माण गरिएको छ। पूर्वका आगन्तुक पूर्वीद्वार र पश्चिमका आगन्तुक पश्चिमीद्वारबाट प्रवेश गर्न सकिने भएपनि पश्चिमी द्वारबाट जाने बाटोलाई मूलबाटोको रूपमा विकास गर्न लागिएको छ।

राजमार्गदेखि दुधैला खोलासम्म खण्डस्मित भइसकेको छ भने ठाउँठाउँमा कालोपत्रेसमेत भइरहेको छ। दुधैला खोलामा पुरानो डाइभर्सनसँगै पक्की पुल निर्माणाधीन छ। यो पुल बनेपछि शिव शनि धामको तीन चार किलोमिटर लामो बाटो एक किलोमिटरमा छोट्टिनेछ।

शिव शनि धाममा बिजुली पुऱ्याउने काम पनि धमाधम भइरहेको छ। शिव शनि धामको पर्यटकीय पूर्वाधारको विकासमा नेपाली सेनाले पनि धेरै काम गरेको छ। यहाँ आसपासमा सेनाको चाँदमारी पोष्ट रहेको छ।

शिव शनि धाम प्राकृतिक रूपमा नै धर्तीको अद्वितीय अंश हो। कैलाश सदृश्य चुरिया पर्वतको यो शृङ्खला वानस्पतिक दृष्टिले पनि महत्वपूर्ण छ। चुरियाको फेद र दुधैला खोला र धारा खोलाको सङ्गममा कैलाश पर्वत जस्तो गजबको डाँडो छ। यसै टाकुरामा तलदेखि माथि टुप्पोसम्म ठाउँठाउँमा देवीदेवताका आकृतिहरू स्थापना गरिएका छन्। सबैभन्दा माथि शिवको प्रतिमा र बृत्ताकारमा १०८ वटा शिवलिङ्ग स्थापना गरिएका छन् भने त्यसमुनिको स्थानमा शनिदेवको प्रतिमा स्थापित छ। त्यस्तै पार्वती, गणेशसहितको पूर्ण शिव परिवार, नन्दी, भैरव, आदि देवता छन्। यहाँ पञ्चमुखी हनुमान, गोरखनाथ, प्रेतराज, नागराज, नवग्रह, महाकालेश्वर, शिव परिवार देवताहरूका मूर्ति पनि राखिएका छन्।

राजा शलहेश, दिनाभद्रीजस्ता लोकदेवलाई पनि समावेश गरिएको पाइन्छ। दुधैला खोलालाई नाघेर शिव शनि धामको द्वार र परिसरमा प्रवेश गर्न सकिन्छ। तीर्थस्थलमा नियमित पूजापाठका लागि पुजारीहरू पनि बस्दछन्। शिव शनि धाममा हरेक सोमबार र शनिबार भक्तजनको भीड हुन्छ। शनिदेवको दर्शन गर्नाले ग्रहशान्ति हुने विश्वास छ। देशकै ग्रहदशा शान्त गर्न र मानव जीवनको कल्याणका लागि समय समयमा यज्ञ, अष्टयामलगायतका अनुष्ठानसमेत आयोजना गरिन्छन्। करिब २५ वर्षअघि सत्यनारायण साह नामक एक धर्मभिरुले शनिदेवको उक्त शिला स्थापना गरेको बताइन्छ। उक्त शिलाको कारणले उक्त स्थानको नाम शिव शनि धाम भनी प्रचार हुन थाल्यो।

नव ग्रहमध्येका एक देवता शनिदेव (शनिग्रह) को उपासनाको आधार र कारणबारे पनि परिचित हुन थालेका छन्। शनिदेवद्वारा नै हाम्रो सांसारिक जीवनको कार्यक्षेत्र वा कर्मजीवन सञ्चालित भएको मानिन्छ। मानिसको जन्मकुण्डलीको दशम भावलाई कर्म, पिता र राज्यपक्षको प्रतीक मानिन्छ भने एकादश भावलाई आय र राज्यसुखको भाव मानिन्छ। त्यसैले कर्म, सत्ता र आयको प्रतिनिधि ग्रह भएका कारणले जन्मकुण्डलीमा शनिको स्थान महत्वपूर्ण मानिन्छ।

शनिदेवलाई न्यायको देवता मानिन्छ। शनिदेवले राम्रो काम गर्नेलाई राम्रो र नराम्रो काम गर्नेका लागि नराम्रो फल दिन्छन्। दोषपूर्ण कर्मका कारण मानिसको जीवनमा शनिदोष प्रत्यक्ष हुन्छ। शनिदोष भएका व्यक्तिले शनिदेवको उपासना गरी आफ्नो जीवनलाई दोषरहित बनाउन सक्छन्। शनिदेवको पूजा पश्चात भगवान हनुमानको पूजा

*बाँकी अन्तिम पृष्ठमा*

# साइबर क्राइम

**पृष्ठभूमी**

बर्तमान समय सामाजिक संजालको युग हो। फेसबुक, मेसेन्जर, ह्वाटसएप, भाइबर, ट्वीटर, इमोजस्ता सामाजिक संजालको प्रयोग व्यक्तिले गरिरहेका छन्। सामाजिक संजालले प्रयोगकर्तालाई सहज बनाएको छ। मानिस जुनसुकै देश र स्थानमा रहेपनि प्रत्यक्ष भैं कुराकानी गर्न पाएका छन्। तर, सामाजिक संजालले जति सहजता उत्पन्न भएको छ, त्यत्ति नै यसको दुरुपयोग गरेर अपराध कर्म पनि हुन थालेको छ। जसलाई साइबर अपराध भनिन्छ।

अन्य अपराधभन्दा यसको प्रकृति र शैली बिलकुल फरक छ भने यसको प्रभाव पनि शक्तिशाली र आम रूपमा हुन्छ। विद्युतीय प्रविधिको गलत प्रयोगले निम्त्याउने यो अपराध अन्य अपराधभन्दा भिन्न शैलीको छ। इन्टरनेटको प्रयोगमार्फत गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, इन्टरनेट फ्रड (धोकाधडी), अर्काको पहिचान अनाधिकृत रूपमा प्रयोग, क्रेडिट कार्ड तथा एकाउन्ट आदिको चोरी गरी गरिने बैंकिक कसुर, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुऱ्याइने क्षतिलगायत अवैधानिक कार्यलाई पनि विश्वका अधिकांश मुलुकका कानुनले साइबर अपराध मानेको छ।

कम्प्युटर, मोबाइल र इन्टरनेटको प्रयोगमार्फतफेक आइडी बनाउने, सामाजिक सञ्जाल प्रयोग गरी गाली गर्ने, वेभसाइट ह्याक गर्ने, फोटो इडिट गरी स्वरूप परिवर्तन गर्ने, अश्लील फोटो/भिडियो पठाउने, सञ्जालमार्फत जिस्काउने, अपमान गर्ने, कल बाइपास, गैह्र कानुनी इमेल, एसएमएस धम्कीदिने जस्ता कार्य नै साइबर अपराध (क्राइम) हो। त्यस्तै इन्टरनेटको प्रयोग गरी गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, धोकाधडी, क्रेडिट कार्ड तथा एकाउन्ट चोरी, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुर्याउने क्षति लगायत अवैधानिक कार्यलाई पनि साइबर अपराध मानिन्छ।

**कहाँ र कसरी गर्ने उजुरी ?**

साइबर क्राइमको उजुरी प्रहरी कार्यालयमा दिन सकिन्छ। यद्यपी अपराधका विषयमा उजुरी दिन प्रहरी कार्यालयमै पुग्नुपर्ने व्यवस्था भएपनि साइबर अपराधबारे उजुरी दिन कार्यालयमै पुग्नुपर्छ भन्ने छैन। प्रहरीमा अनलाईनमार्फत् पनि उजुरी वा निवेदन दिन सकिने व्यवस्था गरिएको छ। त्यसको लागि निवेदन टाइप गरी प्रमाणसहित साइबर ब्युरोको इमेल आइडीमा उजुरी पठाउन सकिन्छ। प्रमाणको रुपमा स्क्रीन सर्ट, परिचयपत्र, लिंक, भिडियो, अडियो, फोटो लगायत प्रमाण निवेदनसँगै पठाउनुपर्ने हुन्छ। यसबाहेक साइबर ब्युरोले उपलब्ध गराएको फोन नम्बरमा घट्नाको बारेमा जानकारी दिई नाम टिपाएर उजुरी गर्न सकिने हुन्छ।

पहिला अन्य अपराधको जसरी साइबर क्राइममा जुनसुकै जिल्ला अदालतमा मुद्दा दर्ता हुने व्यवस्था थिएन्। काठमाडौं जिल्ला अदालतमा मात्र साइबर क्राइमको मुद्दा दर्ता हुन्थ्यो।

५ असार, २०८० मा बसेको मन्त्रीपरिषद् बैठकले सबै जिल्ला अदालतलाई यस्तो अधिकार दिने निर्णय गरेको छ। विद्युतीय कारोबार ऐन, २०६३ को दफा ६० को उपदफा ५ बमोजिम सोही ऐनको परिच्छेद ९ मा उल्लेख भए बमोजिमका कसुरहरूको शुरू कारबाही र किनारा गर्ने अधिकार सबै जिल्ला अदालतलाई दिइने निर्णय गरेको छ।

**कसरी गरिन्छ यसको अनुसन्धान प्रकृया ?**

उजुरी परेपछि प्रहरीले उपलब्ध प्रमाणका आधारमा सुक्ष्म अनुसन्धान शुरु गर्दछ। प्रहरीले साइबर अपराध अनुसन्धान गर्नकै लागि साइबर ब्युरोको स्थापना गरी डिजिटल फरेन्सिक ल्याब सुधारको प्रयास सुरु गरेको छ। अपराधीले कतै न कतै डिजिटल प्रविधि प्रयोग गरेको हुन्छ भने प्रहरी पनि मोवाइलको लोकेसन, कल डिटेल या सामाजिक सञ्जालका क्रियाकलापको चेकजाँच गरी प्रारम्भिक अनुसन्धान शुरु गर्दछ। आरोपित व्यक्ति संलग्नता देखिए निजलाई पक्राउन गरी थप अनुसन्धान प्रकृया अगाडि बढाउँछ र प्रारम्भिक अनुसन्धान पश्चात सरकारी वकिलको कार्यालय मार्फत अदालतमा साइबर क्राइमको अभियोग दर्ता हुन्छ। अदालतमा अभियुक्तको बयान तथा पीडितको बकपत्र लगायतका बाँकी अनुसन्धान कार्य पुरा गरी अदालतमा फैसला सुनाउने गर्दछ।

**के छ दण्ड सजायको व्यवस्था ?**

नेपालमा विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ प्रयोग गरेर साइबर अपराधको मुद्दा चलाउने गरिएको छ। अपराध पुष्टि भएमा अपराधको प्रकृति हेरी बढीमा तीन लाख रुपैयासम्म जरिवाना र पाँच बर्षसम्म कैद सजायको व्यवस्था गरिएको छ। अपराधको प्रकृति र कसूरको गाम्भिर्यतालाई हेरेर कैद तथा जरिवाना कम बढी गर्ने स्वविवेकिय अधिकार न्यायाधीशमा रहेको हुन्छ। पीडितलाई पुग्न गएको क्षतिलाई विचार गरेर कसूरदारबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराईदिने व्यवस्था पनि कानूनमा गरिएको छ।

**उजुरी गर्ने म्याद कति हुन्छ ?**

साइबर क्राइम सम्बन्धी कसूर ठहर्ने कुनै कार्य भएमा त्यस्तो कसूर भए गरेको थाहा पाएको मितिले पैतीस दिनभित्र उजुरी गरिसक्नुपर्ने हुन्छ।

**निष्कर्ष:**

जुनसुकै अपराधका दोषी उम्किनुहुँदैन्। पछिल्लो समयमा इन्टरनेटको प्रयोग गरी व्यक्तिको चरित्र हत्या गर्नेर्देखि ठगी गर्ने, इमेल र बैंक अकाउण्ट ह्या गरी रकम चोर्नेजस्ता अपराध हुन थालेको छ। साइबर क्राइमबाट पीडित जो सुकैले न्याय पाउनुर्दछ। अर्को कुरा सामाजिक संजालको प्रयोग कसरी गर्ने भन्नेतर्फ सबै प्रयोगकर्तालाई सचेत रहनु जरुरी छ। आफूलाई पर्न गएको मर्काको सम्बन्धमा उजुरी दिई अपराधीलाई कारवाहीको दायरामा ल्याउन जरुरी देखिन्छ।

**जनहितका लागि**
**छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**

# विश्व समाचार

## जिम्बाब्वेमा खडेरीले सय हात्ती मरे

हरारे, २६ मङ्सिर(रासस/सिन्ह्वा)।

जिम्बाब्वेमा खडेरीको कारण कम्तिमा एक सय वटा हात्ती मरेका छन्। जिम्बाब्वेस्थित ह्वाङ्गे राष्ट्रिय निकुञ्जमा एल निनो नामक खडेरीका कारण कम्तीमा एक सय वटा हात्तीको मृत्यु भएको अन्तरराष्ट्रिय पशु कल्याण तथा संरक्षण समूहले सोमबार जनाएको छ।

पशु कल्याणको लागि अन्तरराष्ट्रिय कोषले सार्वजनिक गरेको विज्ञप्ति अनुसार हाल सो खडेरीका कारण ग्रीष्मकालीन वर्षा सामान्यभन्दा पाँच हप्ता ढिलो शुरु भएको छ। जसका कारण भण्डै ४५ हजार हात्तीको बासस्थान रहेको जिम्बाब्वेको सबैभन्दा ठूलो संरक्षित क्षेत्र ह्वान्गे राष्ट्रिय निकुञ्जमा दर्जनौं हात्तीहरू मरेका छन्।

"कम्तीमा पनि एक सय हात्तीहरू पानीकै अभावका कारण मृत्यु भएको कोषले उल्लेख गरेको छ। संस्थाको पार्कमा रहेका १०४ वटा सौर्य ऊर्जाबाट चल्ने बोरहोल चरम तापक्रमसँग मिलाउन अपर्याप्त रहेको बताइएको छ। खडेरीले गर्दा पानीका महान सुक्दै गएको र वन्यजन्तुलाई खाना र पानीको खोजीमा लामो दूरीसम्म हिँड्न बाध्य पारेको विज्ञप्तिमा उल्लेख गरिएको छ।

## एडिबीद्वारा जलवायु परिवर्तन व्यवस्थापनका लागि लाओसलाई ३ करोड २० लाख डलर ऋण

मनिला, २६ मङ्सिर (रासस/सिन्ह्वा)।

एसियाली विकास बैंक एडिबीले जलवायु परिवर्तनबाट सृजित समस्यासँग जुँध्न लाओसलाई तीन करोड २० लाख ऋण स्वीकृत गरेको छ। देशका विभिन्न प्रान्तका कृषक समुदायको जीविकोपार्जनमा सुधार ल्याउनका लागि मङ्गलबार तीन करोड २० लाख अमेरिकी डलर ऋिण स्वीकृत गरेको छ।

एडिबीको बाढी तथा खडेरी न्यूनीकरण र व्यवस्थापन क्षेत्र परियोजनाले लाओसलाई बाढी र खडेरीबाट हुने क्षतिलाई कम गर्न आहार विविधता क्षेत्रमा सहयोग गर्ने बताएको छ।

एडिबीका अनुसार परियोजनाले उच्च मूल्यका तथा बजारमुखी बालीहरू विस्तार गरेर आर्थिक विविधिकरणलाई प्रवर्धन गर्न एवं अतिरिक्त कृषि जनशक्तिलाई रोजगारी उन्मुख बनाउनेलगायतका कार्य गर्ने छ। साथै व्यापार वृद्धि गर्दै कृषि निर्यात विस्तारको माध्यामबाट विदेशी मुद्रा तथा कर राजस्व आर्जन गर्ने लक्ष्य पनि लाओसले अगाडि बढाएको छ।

खडेरी, बाढी तथा मौसमी जोखिमको हिसाबले लाओस उच्च जोखिममा रहेको एडीबीले जनाएको छ। पछिल्ले समय मौसमी जोखिमका कारण लाओसको कुल ग्रार्हस्थ उत्पादनमा करिब दुई प्रतिशत कमी आएको अनुमान गरिएको छ। अत्यधिक गर्मीका कारण बाली उत्पादन घट्दै गहिरहेको समयमा सिञ्चाइको उच्च आवाश्यकता रहेको तथा माटोको स्वस्थ्यमा पनि कमी आएका कारण सुख्खा मौसमी धानको उत्पादन भने स्वात्तै बढ्दै गएको छ। त्यहांस्थित १०४ वटा सौर्य ऊर्जाबाट चल्ने बोरहोल बढ्दो तापक्रमसँग अनुकूलन बनाउन अपर्याप्त छ।

## पाकिस्तानी सेनाको आधार शिविरमा आक्रमणस् २३ जनाको मृत्यु

पाकिस्तान, २६ मङ्सिर (रासस/एएफपी)।

पाकिस्तानी सेनाको आधार शिविरमा मङ्गलबार भएको आत्मघाती बम आक्रमणमा परी कम्तीमा २३ जनाको मृत्यु भएको छ। आक्रमणको जिम्मेवारी पाकिस्तानी तालीवानले लिएको छ। परिचय नखुलाउने शर्तमा एकजना स्थानीय अधिकारीले अफगानिस्तानको सीमा नजिकै खैबर पख्तुन्ख्वा प्रान्तको डेरा स्माइल खान जिल्लास्थित शिविरलाई लक्षित गर्दै बिहानको समयमा आक्रमण भएको बताएका छन्।

उनका अनुसार सेनाहरू सुतिरहेको अवस्थामा आक्रमण भएकाले सेनाहरु सिभिल पोसाकमै थिए। अधिकांश मृतक सैन्य कर्मचारी भएको अनुमान गरिएको भए तापनि, मृतककहरूको पहिचान खुल्ने क्रम जारी रहेको छ। विस्फोटक पदार्थले भरिएको गाडीले अस्थायी सैन्य आधारमा आक्रमण गराउदा अन्य २७ जना घाइते भएको समेत बताइएको छ।

विस्फोटको कारण शिविरका तीनवटा कोठा भत्किएका छन् भने भग्नावशेषबाट शव निकाल्ने कार्य भइरहेको छ। मृतकको सङ्ख्या बढ्ने आकँलन गरिएको छ। बिहानको २:३० मा हमला शुरु गरेको तालीबानसँग सम्बद्ध तेहरिक ए जिहाद समूहले जनाएको छ। सन् २०२१ मा तालिवान सत्तामा फर्किएदेखि पाकिस्तान - अफगानिस्तानका सीमा क्षेत्रमा आक्रमणमा वृद्धि भएको छ।

अमेरिकी सेना फिर्ता भएदेखि छेमेकी विद्रोही उत्साहित भएको विश्लेषकहरुले बताउदै आएका छन्। पाकिस्तानी द्वन्द्व सुरक्षा अध्ययन संस्थाका अनुसार गत वर्ष तथा २०२३ को सुरुवाती चरणको तुलनामा पछिल्लो समयमा द्वन्द्व भण्डै ८० प्रतिशतले वृद्धि भएको देखिएको छ। इस्लामाबादले आक्रमणकारी समूह सीमापारीबाट परिचालित भएको आरोप लगाएको छ। यद्दिप सो आरोप तालिबान सरकारले निरन्तर अस्वीकार गरिरहेको छ। घटना बारे पाकिस्तानी सेनाले भने अहिलेसम्म कुनै पनि प्रतिक्रिया दिएको छैन।

# जनकपुरमा तीन दिनसम्म मदिरा र माछा/मासु बिक्री वितरणमा रोक

धनुषा, २६ मङ्सिर (रासस) । जनकपुरधाममा श्रीसीताराम विवाहपञ्चमी महोत्सवको अवसरमा तीन दिनसम्म मदिरा तथा माछा/मासु बिक्री वितरणमा रोक लगाइएको छ । जिल्ला प्रशासन कार्यालय धनुषाले मंगलबार एक सूचना जारी गर्दै मङ्सिर २८ गते राति १२ बजेदेखि पुस १ गते राति १२ बजेसम्म मदिरा तथा माछा/मासुको बिक्री वितरणमा रोक लगाएको हो ।

सप्ताहव्यापी विवाहपञ्चमी महोत्सवलाई सुरक्षित, मर्यादित र सौहार्दपूर्ण वातावरणमा मनाउनका लागि जिल्ला सुरक्षा समितिको बैठकले यस्तो निर्णय गरेको प्रशासकीय अधिकृत विश्वविजय शर्माले जानकारी दिनुभयो ।

यस अवधिमा जनकपुरधामको परिक्रमा क्षेत्रभित्र र परिक्रमा सडकको दायाँबायाँ मदिरा बिक्री वितरण, सेवन तथा पशुपक्षी काट्न, माछा, मासु बिक्री वितरण, ओसारपसार गर्न निषेध गरिएको प्रमुख जिल्ला अधिकारी चक्रपानी पाण्डेले बताउनुभयो । निर्देशनको पालना नगरे प्रचलित कानुन बमोजिम कारबाही हुने जिल्ला प्रशासन कार्यालय धनुषाले जनाएको छ ।

# एसियाका शिक्षकको श्रमको सम्मान निराशाजनक

काठमाडौँ, २६ मङ्सिर (रासस) । 'एजुकेशन इन्टरनेशनल, एसिया प्रशान्त क्षेत्र'ले गरेको अध्ययनले यस क्षेत्रको सामुदायिक तथा निजी शिक्षालयका शिक्षकको मानव अधिकार, श्रमिक अधिकार तथा सेवा सुविधाको समग्र अवस्था निराशाजनक रहेको निचोड निकालेको छ ।

सो सङ्गठनले मंगलबार यहाँ प्रतिवेदन सार्वजनिक गर्दै कतिपय देशमा आन्दोलनका क्रममा शिक्षकहरू हिंसात्मक निशानामा परेको, कतिपय मुलुकका प्राज्ञिक स्वतन्त्रता नभएको, श्रमिक अधिकारको निर्वाधरूपमा प्रयोग गर्न नपाएको, शिक्षाका नीति र कानुनमा शिक्षक सङ्गठनहरूसँग परामर्श नगरिएकालगायतका समस्या रहेको औँल्याइएको छ ।

एसिया प्यासिफिकका ३६ मध्ये २४ मुलुकका ३७ उत्तरदाताका जवाफलाई विश्लेषण गरिएको अध्ययनमा यस क्षेत्रका २९ दशमलव ७३ प्रतिशत सामुदायिक र १० दशमलव ८१ प्रतिशत निजी विद्यालयका शिक्षकहरूलाई जवाफदेहीका रूपमा संलग्न गराइएको थियो ।

एजुकेशन इन्टरनेशन विश्वका शिक्षकहरूको साझा संस्था हो । यसका एसिया प्रशान्त क्षेत्रका निर्देशक आनन्द सिंहले गुणस्तरीय शिक्षाका लागि शिक्षकहरूको पेसागत क्षमता विकास र उनीहरूको नीति निर्माणमा सहभागिता हुनुपर्ने प्रतिवेदनले जोड दिएको बताउनुभयो । अनुसन्धानकर्ता फ्याइक लियोड टियोडसनले यस क्षेत्रका शिक्षकका लागि रोजगारी ह्रासको चिन्ताको विषय बनेको बताउँदै शिक्षकलाई नागरिक तथा मानव अधिकार एवं राजनीतिक अधिकारबारे क्षमतावृद्धिका साथै अधिकार प्राप्तिका लागि क्षेत्रीय र अन्तर्राष्ट्रियस्तरमा अभियान सञ्चालन गर्न सुझाव दिनुभयो ।

संस्थागत विद्यालय शिक्षक युनियन (इस्टु) का अध्यक्ष होमकुमार थापाले नेपालका निजी विद्यालयले राजनीतिक र श्रमिक अधिकार नपाएको जनाउनुभयो । नेपाल शिक्षक सङ्घका वरिष्ठ उपाध्यक्ष इलमबहादुर शाहीले शिक्षकहरूको क्षमतावृद्धिका लागि आफूहरूले स्थानीय तहसँगको सहकार्यमा काम गरिहरेको जनाउनुभयो ।

# सोह्र दिने अभियानमा ६२ हिंसाका घटना : इन्सेक

काठमाडौँ, २६ मङ्सिर (रासस) । लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानमा ६२ वटा महिला तथा बालिकाविरूद्ध हिंसात्मक घटना भएको पाइएको छ । अनौपचारिक सेवा केन्द्र (इन्सेक)ले सार्वजनिक गरेको प्रतिवेदनमा बाल अधिकारसम्बन्धी १९, महिला अधिकारसम्बन्धी ३९ र चारवटा हत्याका घटना भएको जनाइएको हो । बालअधिकारमा १३ बलत्कार, चार यौन दुर्व्यवहार, दुई बेचबिखनका रहेका छन् ।

यस्तै महिला अधिकारमा सात वटा बेचबिखनको प्रयास, पाँच बालत्कार, १३ घरेलु हिंसा, एक यौन दुर्व्यवहार, पाँच बेचबिखनका घटना अनुगमनका क्रममा पाइएको इन्सेकका अध्यक्ष डा कुन्दन अर्यालले सार्वजनिक गर्नुभएको विज्ञप्तिमा जनाइएको छ । सबैभन्दा बढी हिंसाका घटना मधेश प्रदेशमा २६ वटा रहेको छ । त्यसपपछि बागमती प्रदेशमा १२, लुम्बिनी प्रदेशमा ११, गण्डकीमा पाँच, कोशीमा चार, कर्णाली र सुदूरपश्चिममा दुई दुई वटा पाइएको जनाइएको छ ।

नेपालमा यही मङ्सिर ९ गतेदेखि मङ्सिर २४ गतेसम्म (नोभेम्बर २५ देखि डिसेम्बर १०) 'लैङ्गिक हिंसा अन्त्यको सुनिश्चितः महिला र बालबालिकामा लगानीको ऐक्यबद्धता' भन्ने नाराका महिला हिंसाविरुद्धको १६ दिने अभियान मनाइएको थियो । नेपालमा यस अभियानको थालनी सन २००४ देखि गरिएको हो ।

महिला तथा बालिकाविरूद्ध भएका हिंसात्मक घटनाका आधारमा प्रतिवेदन तयार पारेको इन्सेकले नेपालमा महिलामाथिको हिंसा विगतका वर्षमा भन्दा कम हुँदै आए पनि सन्तोषजनक नभएको जनाएको छ ।

## *शिव शनि धामको ...*

गर्ने चलन छ ।

जुवा खेल्ने, सट्टेबाजी गर्ने, रक्सी पिउने, ब्याज दिने, व्यभिचार गर्ने, अप्राकृतिक यौन सम्बन्ध राख्ने, झुट्टा गवाही दिने, निर्दोष मानिसलाई यातना दिने, माता, पिता र गुरुको अपमान जस्ता कार्य गर्नाले शनिदोष उत्पन्न हुन्छ । शनिदोष भएका व्यक्तिले जीवनमा दुःख, कष्ट, क्षति, विफलता आदिको सामना गर्नुपर्छ । त्यसैले आम मानिस शनिदेवसँग भयभित रहन्छन् । तर जागरुक मानिस शनिदेव प्रति श्रद्धा र विश्वास राखेर उनको उपासना गरेर आफ्नो नराम्रा कर्मप्रति प्रायश्चित गरेर दोषमुक्त भएपछि शनिदेवको कृपा प्राप्त गर्छन् । जीवन दुःख, कष्ट, पीडा, विफलताबाट मुक्त हुन्छ ।

पुराणहरूमा शनि ग्रहप्रति अनेक आख्यान देखिन्छन् । शनि देवलाई सूर्यपुत्र एवं कर्मफल दाता मानिन्छ । शनिलाई पितृ शत्रु पनि भनिन्छ । शनि ग्रहको विषयमा अनेक भ्रम फैलिएको छ । शनिलाई मारक, अशुभ र दुःखकारक मान्नेहरू छन् । तर शनि मारक, अशुभ र दुःखकारक होइनन् । शनिदेव शत्रु होइनन्, मित्र हुन् । मोक्ष प्रदान गर्ने एक मात्र शनि ग्रह नै हो । शनिले प्रकृतिमा सन्तुलन उत्पन्न गर्दछ । प्रत्येक प्राणीका साथ उचित न्याय गर्दछ । जसले अनुचित, विषमता र अस्वभाविकतालाई आश्रय दिन्छ, शनि केवल उसैले दण्डित (प्रताडित) गर्दछ । जसले जीवनमा सद्‌कर्म गर्दछ, उसलाई शनिले शुभ योग प्रदान गर्दछ ।

वीरेन्द्रबजारदेखि करिब तीन चार किलोमिटर उत्तर दुधैला खोला र धारा खोलाको सङ्गममा अवस्थित प्रसिद्ध शिव शनि धाममा दर्शन गर्नका लागि सप्तरी, सुनसरी, सिरहा जिल्लाबाट ठूलो सङ्ख्यामा भक्तजन आउँछन् । धाममा अहिले हुँदै गरेको पूर्वाधार विकासले धार्मिक पर्यटक बढ्दै जाने सम्भावना छ । यस क्षेत्रको पूर्वाधारको विकासमा पूर्व-पश्चिम राजमार्ग तथा रुपनी-राजविराज सहायक मार्गको त ठूलो योगदान रहने नै छ त्यसमा वीरेन्द्र बजार-तेरहौता-राजविराज-फकिरा हुँदै भारतीय सीमासम्म बन्ने सडकले समेत ठूलो सहयोग गर्ने देखिन्छ । उक्त सडक निर्माण भएपछि राजविराजबाट १० कि.मि. टाढा रहेको पूर्व-पश्चिम राजमार्गसँगको दूरी घटेर छ किमिमा पुग्ने बताइन्छ ।

नव ग्रहहरूको कक्ष क्रममा शनि सूर्यदेखि ८८ करोड ६१ लाख माइल दूरीमा पर्दछ । पृथ्वीदेखि शनिग्रहको दूरी ७१ करोड ३१ लाख ४३ हजार माइल छ । शनि ग्रहको व्यास ७५ हजार १०० माइल छ । शनिग्रह छ माइल प्रतिसेकेण्डको गतिबाट साढे २१ वर्षमा आफ्नो कक्षमा सूर्यको परिक्रमा पूरा गर्दछ । शनि ग्रहको सतहको तापमान २४० फोरनहाइट छ । शनिग्रहको चारैतिर सातवटा वलय (ग्यासका घेरा) छन् । शनिग्रहको १५ वटा चन्द्रमा छ, जसको प्रत्येकको व्यास पृथ्वीभन्दा निकै बढी छ । शनि मूल रूपमा ग्रह नै हो, जसलाई हामी भगवान मान्दछौं ।

'ब्रह्मा मुरारी त्रिपुरान्तकारी भानु शशि भूमिसुतो बुधश्च । गुरुश्च शुक्र शनि राहुकेतवः कुर्वन्तु सर्वे मम सुप्रभातम् ।' भनेर नवग्रहकै पूजा गरिन्छ । नवग्रहमा सूर्य, बुध, शुक्र, पृथ्वी, चन्द्रमा, मंगल, गुरु, राहु, केतु पर्दछन् । चन्द्रमा, राहु र केतुलाई ग्रहको वैज्ञानिक परिभाषा अनुसार ग्रह मानिदैन । मानिसको जीवनमा चन्द्रमा, राहु र केतुको पनि विशेष प्रभाव पर्दछ । सनातन धर्मको यो विशेषता हो कि उसले सम्पूर्ण प्रकृतिलाई समग्रमा र प्रकृतिका हिस्साहरूलाई अंशको रूपमा पृथक पृथक अस्तित्व स्वीकार गर्दछ र उसको विशिष्ट स्वभावको आधारमा उसको उपासना गर्दछ । *(लेखक इतिहास, संस्कृति र समसामयिक विषयमा जानकार हुनुहुन्छ)*


# महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन् । यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ । यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ । महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुञ्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ । यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ । यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ । परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ । आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन् । राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन् । समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन ।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिवाह प्रथाको अन्त्य गरिनुपर्छ । त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरुद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ ।

**जनहीतका लागि : शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी**



# बालविवाह विरुद्ध अपील
# "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ । विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा कानुनतः विवाह गर्ने उमेर २० वर्ष तोकिएको छ । त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो ।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने ।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने ।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने । अपाङ्गता भएका सन्तान जन्मन सक्ने ।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट बञ्चित हुने ।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने ।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गाह्रो हुने ।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हननमात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो । तसर्थ बालविवाह नगरौं नगराऔं ।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ । यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने व्यक्तिको उमेर निर्धारण गरेको छ । जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने व्यवस्था गरेको छ । उपदफा १ बिपरित भएको बिवाह स्वतःवदर योग्य हुने छ । यसैगरि उपदफा (३) मा कसुर गर्ने व्यक्तिलाई ३ वर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ । बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने व्यवस्था कानूनले गरेको छ । तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं । बालविवाह रोक्न आजैदेखि पहल गरौं ।

**अनुरोधकर्ता**

**खडक नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरी**


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*